# आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या : ४ मिति : २०७७/०२/१५

## भाग - २

### आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### आलिताल गाउँपलिकाको क्वारेण्टाइन आचार संहिता, २०७७

**प्रस्तावना** : कोरोना भाइरसको संक्रमणबाट लाग्न सक्ने रोगबाट गाउँपालिकावासीलाई सुरक्षित राख्न शंकास्पद व्यक्तिलाई क्वारेण्टाइनमा सुव्यवस्थित तरिकाले राखी त्यस्ता व्यक्ति र समाज दुबैलाई सुरक्षित राख्न क्वारेण्टाइन आचार संहिता वनाउन वाञ्छनिय भएकोले आलिताल गाउँ कार्यपालिकाले यो आचार संहिता वनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचार संहिताको नाम “आलिताल गाउँपालिकाको क्वारेण्टाइन आचार संहिता, २०७७" रहेको छ ।

(२) यो आचार संहिता कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) “गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका सम्झनु पर्छ ।

(ख) “आचार संहिता" भन्नाले आलिताल गाउँपालिकाको क्वारेण्टाइन आचार संहिता,२०७७ सम्झनु पर्छ ।

(ग) “क्वारेण्टाइन" भन्नाले आलिताल गाउँपालिकाले गाउँपालिका भित्र निर्माण गरी संचालन गरेको क्वारेण्टाइन सम्झनु पर्छ ।

(घ) “क्वारेण्टाइनमा वस्ने व्यक्ति" भन्नाले आलिताल गाउँपालिकाले संचालन गरेका क्वारेण्टाइनमा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) “जनशक्ति" भन्नाले कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न जनशक्ति सम्झनु पर्छ । सो शब्दले क्वारेण्टाइन स्थलको व्यवस्थापनमा खटनपठन गरिएका जनशक्तिलाई पनि जनाउँदछ ।

आलिताल गाउँपालिका

(च) "सुरक्षाकर्मी" भन्नाले क्वारेण्टाइन स्थलको सुरक्षार्थ तैनाथ गरिएका सुरक्षाकर्मी सम्झनु पर्छ । सो शब्दले देश र नागरिकको सुरक्षार्थ नेपाल सरकारद्वारा तैनाथ गरिएका सुरक्षाकर्मीलाई पनि जनाउँदछ ।

३. **<u>क्वारेण्टाइनमा वस्ने व्यक्तिहरुका आचार संहिताः</u>** (१) क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुले देहाय बमोजिमका आचार संहिताको पालना गर्नुपर्नेछः

(क) सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने,
(ख) जाति, धर्म, वर्ण, लिंग, भाषा-भेषभुषा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने,
(ग) सुर्तिजन्य, नशालु तथा मादक पदार्थ सेवन नगर्ने,
(घ) अशिष्ट, अभद्र र अस्वभाविक आचारण नगर्ने,
(ङ) रिसाउने, झैझगडा गर्ने र घाउचोट पुऱ्याउने कार्य नगर्ने,
(च) सभ्य र शोभनीय पोशाकमात्र लगाउने,
(छ) क्वारेण्टाइनमा बस्दा सामाजिक दुरी कायम गर्ने, जमघट हुने गतिविधि नगर्ने नगराउने,
(ज) कुनै पनि नकारात्मक गतिविधि, लोभलालच, होहल्ला, अत्याउने कार्य, अनावश्यक टिकाटिप्पणी नगर्ने,
(झ) तोकिएको स्थानमा मात्र रहने,
(ञ) अरुलाई बाधा हुने  वा हिनताबोध गराउने कार्य नगर्ने नगराउने,
(ट) आत्मियताको विकास गर्दै शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सहयोग गर्ने,
(ठ) कुनै पनि बाह्य व्यक्ति क्वारेण्टाइन क्षेत्रभित्र वा नजिक देखिएमा जानकारी गराउने तथा कुनै किसिमको पशुपंछी नजिक देखिएमा सोको जानकारी गराउने,
(ड) क्वारेण्टाइनमा रहेका व्यक्तिहरु भाग्ने वा भाग्न कोशिस गरेको देखेमा वा शंका लागेमा तुरुन्त खबर गर्ने,
(ढ) कसैसँग भेटघाट गर्नु परेको अवस्थामा स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा सुरक्षाको सम्पूर्ण व्यवस्था मिलाएर मात्र भेटघाट गर्ने गराउने,
(ण) आफ्नो बासस्थानबाट निस्कने फोहोर तथा व्यक्तिगत सामानहरु जथाभावी नफाल्ने, तोकिए बमोजिम मात्र विसर्जन गर्ने गराउने,
(त) प्राप्त सुविधाहरु आपसी समझदारीका आधारमा उपभोग गर्ने, गराउने,
(थ) उपलब्ध सरसामानहरुको हिफाजत र समुचित प्रयोग गर्ने, गराउने,
(द) सामाजिक संजालको प्रयोग गर्दा अनुशासित, मर्यादित र शिष्ट तरिकाले गर्ने,
(ध) सामाजिक संजालमा कुनै पनि व्यक्ति विशेष वा संस्था विशेषका बारेमा नकारात्मक टिकाटिप्पणी, गालीगलौच, आलोचना, अश्लिलता प्रदर्शन नगर्ने नगराउने,
(न) क्वारेण्टाइनमा रहँदा बाहिर परिवार तथा मिडियामा अनावश्यक टिकाटिप्पणी र अफवाह संप्रेषण नगर्ने,
(प) समाजमा कायम रहेको शान्ति सुव्यव्यवस्थालाई खलल पुग्ने किसिमका अफवाह, झुटा प्रचार नगर्ने नगराउने ।

(२) उपदफा (१) बमोजिमका आचरणहरुको विरुद्ध कार्य गर्ने व्यक्तिहरुलाई संक्रामक रोग ऐन, २०२० को दफा ३, विद्युतीय कारोवार (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९, मुलुकी अपराध संहिता, २०७४ को भाग ३ लगायत प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

४. **<u>क्वारेण्टाइनमा खटिने व्यक्तिहरुले देहाय बमोजिमका आचार संहिताको पालना गर्नुपर्नेछ</u>** ।

(क) प्रभावकारी ढंगबाट आर्थिक अनुशासनको पालना गर्दै मितव्ययी तरिकाले कार्य सम्पादन गर्ने,
(ख) क्वारेण्टाइमा बस्ने व्यक्तिहरुसँग सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने,
(ग) जाति, धर्म, वर्ण, लिंग, भाषा-भेषभुषा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने, नगराउने
(घ) क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुसँग अशिष्ट, अभद्र र अस्वभाविक आचारण नगर्ने, नगराउने,
(ङ) क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुसँग रिसाउने, झैझगडा गर्ने कार्य नगर्ने, नगराउने,

(च) आत्मियताको विकास गर्दै शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सहयोग गर्ने, गराउने,

(छ) क्वारेण्टाइनमा उपलब्ध सरसामानहरुको हिफाजत र समुचित प्रयोग गर्ने, गराउने,

(ज) सामाजिक संजालमा कुनै पनि व्यक्ति विशेष वा संस्था विशेषका बारेमा नकारात्मक टिकाटिप्पणी, गालीगलौच, आलोचना, अश्लिलता प्रदर्शन नगर्ने नगराउने,

(झ) क्वारेण्टाइन सम्बन्धी मिडियामा अनावश्यक टिकाटिप्पणी र अफवाह संप्रेषण नगर्ने,

(ञ) समाजमा कायम रहेको शान्ति सुव्यव्यवस्थालाई खलल पुग्ने किसिमका अफवाह, झुटा प्रचार नगर्ने नगराउने,

(ट) क्वारेण्टाइन सम्बन्धमा आवश्यकता र औचित्यको आधारमा मात्र सूचना संप्रेषण गर्ने,

(ठ) तोकिएको व्यक्तिलेमात्र सूचना प्रवाह गर्ने ।

५. <u>**क्वारेण्टाइनस्थलमा खटिने सुरक्षाकर्मी/क्वारेण्टाइन स्थल सुरक्षाकर्मी स्वयंसेवकले देहाय बमोजिमका आचार संहिताको पालना गर्नुपर्नेछ**</u>।

(क) क्वारेण्टाइमा बस्ने व्यक्तिहरुसँग सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने,

(ख) जाति, धर्म, वर्ण, लिंग, भाषा-भेषभुषा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने, नगराउने

(ग) क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुसँग अशिष्ट, अभद्र र अस्वभाविक आचारण नगर्ने, नगराउने,

(घ) संक्रमित व्यक्तिहरुलाई यथाशिघ्र नजिकको अस्पतालको आईसोलेशनमा पठाउने कार्यमा सहयोग गर्ने गराउने,

(ङ) डिउटीमा सदैव उच्च सतर्कता अपनाउनु पर्ने (अनाधिकृत व्यक्ति बाहिरबाट भित्र र संक्रमित वा क्वारेण्टाइनमा रहेका व्यक्तिलाई भित्रबाट बाहिर जान नदिने),

(च) क्वारेण्टाइन क्षेत्र वरपर हुलदंगा र जमघट हुन नदिने, भएको अवस्थामा हुल नियन्त्रण गर्ने गराउने,

(छ) क्वारेण्टाइनमा रहेका व्यक्तिहरु कुनै पनि हालतमा भाग्न नदिने र भाग्ने कोशिस गर्न खोज्ने उपर निगरानी र नियन्त्रण गर्ने गराउने,

(ज) क्वारेण्टाइनस्थलको सुरक्षा त्रुटिरहित ढंगबाट गर्ने गराउने ।

६. <u>**क्वारेण्टाइन सम्बन्धी व्यवस्था नहटाउँदा वा नेपाल सरकारले नेपालमा कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणमा आइसकेको भनि घोषणा नगर्दा सम्म यस आचार संहितामा व्यवस्था भएका नियमहरुको पालना सरोकारवाला सबैपक्षले गर्नु पर्नेछ ।**</u>

७. <u>**गाउँपालिकाले आवश्यक व्यस्था गर्ने:**</u> यस आचार संहिताको कार्यान्वयन गर्दा बाधा अड्काउन परेमा वा केही कुरा थपघट गर्नु परेमा वा संशोधन वा हटाउनु परेमा गाउँकार्यपालिकाले आवश्यक व्यस्था गर्नेछ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत